श्रम र रोजगारीका आयम (लेख संग्रह)

https://sandeepksah.com.np/2025/01/02/job-matching-and-its-usefulness/

लेखक: संदीप कुमार साह

प्रकाशित मिति: २०८०/०३/०७ गते

प्रकाशक: प्रशासन डट कम

रोजगार विनिमय र यसको उपयोगिता

परिचय

रोजगारीका लागि सूचीकृत भएका तथा बेरोजगार सहायता प्राप्त गर्ने व्यक्तिहरुको योग्यता, दक्षता, अनुभव र सीपको आधारमा रोजगारदाताहरुलाई आवश्यक जनशक्ति उपलब्ध गराउने र रोजगारदाताहरुको आवश्यकताको आधारमा बेरोजगार व्यक्तिहरुलाई रोजगारदातासंग सम्पर्क स्थापित गर्ने सेवालाई रोजगार विनिमय सेवा भनिन्छ । बेरोजगार व्यक्तिहरुको रुची र क्षमताका आधारमा स्वरोजगार हुनका लागि सीपमूलक तालिममा संलग्न गराउने वा सम्बन्धित निकायमा समन्वय गरी स्वरोजगार बनाउने कार्यलाई समेत रोजगार विनिमय सेवा बुझिन्छ । रोजगार विनिमयलाई रोजगार मिलान वा श्रम विनिमय पनि भनिन्छ ।

रोजगार विनिमय भन्नाले सरकारद्वारा स्थापित वा व्यवस्थित कुनै कार्यालय वा स्थान जसले रोजगारी सम्बन्धी सूचना, जानकारी वा परामर्श उपलब्ध गराउनको लागि आवश्यक सहयोग र सहजीकरण गर्ने काम सम्झनु पर्छ । रोजगार विनिमयले मुख्यतया तीन प्रकारका कार्यहरू (क) रोजगारी खोज्नेहरूको दर्ता र तिनीहरूको पदस्थापन वा नियुक्ति गर्ने, (ख) रोजगारी खोज्नेहरूलाई व्यावसायिक मार्गदर्शन प्रदान गर्ने (ग) संगठित क्षेत्रका प्रतिष्ठानहरूबाट श्रम बजार सम्बन्धी तथ्यांक संकलन गर्ने गर्दछ । रोजगार विनिमय योग्यता र अनुभव को आधारमा रोजगार सहायता प्रदान गर्ने कार्य हो । जसले रोजगारी खोज्नेहरूलाई रोजगार सहायता प्रदान गर्दछ ।

बेरोजगारहरूको सूचना सङ्कलन र रोजगारीमा पदस्थापन गर्न स्थापना गरिएका सेवा केन्द्रहरूमा रोजगारीको रिक्त संख्या एवं उपलब्धता बारे रोजगारदाताहरूलाई र सम्भावित कामदारहरूलाई जानकारी दिने सेवा नै रोजगार सेवा हो । बेरोजगारीको समस्यालाई प्रभावकारी ढंगले सम्बोधन गर्न तथा बेरोजगारहरूको सीप, क्षमता र प्राप्त तालिम अनुसार उपयुक्त रोजगारीका लागि रोजगारदातासंग र रोजगारदाताले काम अनुसारको उपयुक्त कामदार छनौट गर्न आवश्यक सहयोग गर्ने काम पनि गर्छन् । रोजगार विनिमयको काम गर्ने संस्था वा निकायहरूले रोजगारदाता र रोजगारी खोज्नेहरूलाई निःशुल्क रुपमा सेवाहरू उपलब्ध गराउने काम गर्छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरेको एकीकृत श्रम तथा रोजगार कार्यविधि, २०८० को दफा १७ बमोजिम बेरोजगार व्यक्ति र रोजगारदाता बीच सम्पर्क स्थापित गर्न एवं श्रम बजारको माग बमोजिमको श्रमिक आपूर्ति गर्न रोजगार सेवा केन्द्रले रोजगार विनिमय सेवाको सञ्चालन गर्न सक्ने व्यवस्था छ ।

रोजगार विनिमयको उद्देश्य

रोजगार विनिमयको मुख्य उद्देश्य बेरोजगार व्यक्तिहरूलाई कामको सम्भावना प्रदान गर्नुको साथै रोजगारी खोज्नेहरूलाई रोजगार सहायता प्रदान गर्नु हो। यसका अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्;

- रोजगारी खोज्नेहरूको दर्ता गर्ने,
- श्रम बजारको जानकारी सम्बन्धी सूचना सङ्कलन गर्ने,
- व्यावसायिक मार्गदर्शनका गतिविधिहरू जस्तैः क्यारियर वार्ता, क्यारियर मार्गदर्शन आदि प्रदान गर्ने,
- रोजगारी खोज्नेहरूलाई स्व-रोजगारका विभिन्न अवसरहरूका लागि मार्गदर्शन गर्ने,
- रिक्त पद वा उपलब्ध कामहरूको बारेमा जानकारी दिने,
- उद्योग प्रतिष्ठानहरुका लागि विभिन्न किसिमका दक्ष कामदारहरूको स्थिर प्रवाह सुनिश्चित गर्ने,
- शिक्षित बेरोजगार युवाहरुलाई उपयुक्त औद्योगिक तालिम दिई औद्योगिक रोजगारीमा पदस्थापन गरी बेरोजगारी घटाउनुको साथै औद्योगिक उत्पादनको गुणस्तर र परिमाणमा वृद्धि गर्ने
- योग्यता र अनुभवको आधारमा रोजगार सहायता प्रदान गर्ने।

रोजगार विनिमयका आवश्यकता

रोजगार विनिमयले सम्भावित रोजगारदाताहरू, उपलब्ध काम र रोजगारी खोज्ने व्यक्तिहरूको जानकारी संकलन गर्ने कार्य गर्दछ। रोजगार विनिमयले करियर परामर्श र व्यावसायिक मार्गदर्शन गर्ने काम समेत गर्ने गर्दछ। जसले गर्दा रोजगारी खोज्ने व्यक्तिहरूलाई उपयुक्त जागिर खोज्न र रोजगारदातालाई उपयुक्त जनशक्ति खोज्न मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने गर्दछ। यसका अन्य आवश्यकताहरु यस प्रकार रहेका छन्।

- बेरोजगार व्यक्ति र रोजगारदाता बीच सम्पर्क स्थापना गर्न,
- श्रम बजारको माग बमोजिमको श्रमिक आपूर्ति गर्न,
- श्रमिकको सीप तथा क्षमता अभिबृद्धि गरी रोजगारीमा पदस्थापन गर्न,
- रोजगारमूलक सेवा तथा सुविधाहरुमा बेरोजगार व्यक्तिहरुलाई पदस्थापनाका लागि सहजीकरण गर्न,
- रोजगारीको खोजीमा रहेका व्यक्तिहरुलाई आन्तरिक र वैदेशिक रोजगारीमा संलग्न हुन अभिमूखीकरण तथा सूचना प्रवाह गर्न,
- आवश्यकता अनुसार परामर्श र मनोपरामर्श सेवा प्रदान गर्न।

रोजगार विनिमयका फाईदाहरु

रोजगार विनिमयको माध्यमबाट बेरोजगार व्यक्तिहरु आत्मनिर्भर र सशक्त बन्ने गर्छन्। उपयुक्त रोजगारीको खोजीमा रहेका व्यक्तिहरूले राम्रो काम पाउन र दक्ष कामदारको खोजीमा रहेका रोजगारदाताहरुले उपयुक्त कामदार प्राप्त गर्ने गर्छ। यसले बेरोजगार व्यक्तिहरूलाई काम खोज्न मद्दत गर्नुको साथसाथै विभिन्न सीप तथा वृति विकास र परामर्श कार्यशालाहरू पनि सञ्चालन गर्ने गरिन्छ।

- रोजगारी खोज्ने व्यक्तिहरूले आफ्नो योग्यताको आधारमा उपयुक्त रोजगारीहरू खोज्न सक्छन्।

- रोजगारीका लागि दर्ता भएकाहरूले रोजगारीको प्रतीक्षा सूचीमा आफ्नो स्थिति जाँच गर्न सक्छन्।
- उपलब्ध काम र उपयुक्त शैक्षिक प्रोफाइलका आधारमा रोजगारी खोज्ने व्यक्ति र रोजगारदाताहरु बिच सम्पर्क स्थापित गर्न सक्छ।
- करियर परामर्श र व्यावसायिक मार्गदर्शन सम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्छ।
- उपयुक्त काम र कामदार खोज्नेहरुलाई सहयोगी र उपयोगी हुन्छ।
- रोजगार विनिमयले सीप अनुसरको कामको खोजी वा काम परिवर्तनमा सहयोगी हुन्छ।
- उपयुक्त विकल्प छनौट गर्न प्रशस्त अवसरहरू प्रदान गर्छ।
- रोजगारीका साथसाथै सीप एवं क्षमता विकासका योजनाहरू प्राप्त गर्ने अवसर दिन्छ।
- रोजगारीको आवश्यकता अनुसारको उत्कृष्ट मिलान गर्छ।
- न्यूनतम् प्रयासमा अधिकतम प्रतिफल दिन्छ।
- कम समय अवधिमा उत्तम विकल्पहरू प्रदान गर्दछ।
- विभिन्न रोजगरदताहरूसँग सम्पर्क हुने भएकोले रोजगारी खोज्ने व्यक्तिहरुलाई रोजगारी प्राप्त गर्न धेरै उपयोगी हुन सक्छ।
- रोजगार विनिमयले सीप र अनुभव नहुनेलाई पनि आवश्यक सीप र अनुभव निर्माण गर्न उपयुक्त हुन्छ।

रोजगार विनिमयका बेफाईदाहरु

- रोजगारी खोज्ने व्यक्तिहरूको व्यक्तिगत विवरण (बायोडाटा) रोजगारदाताहरूलाई पठाए नपठाएको एकीन नहुन सक्छ।
- सरकारी संरचनाबाट रोजगार विनिमय सेवा सञ्चालन हुने भएकोले रोजगारी खोज्नेहरुको सम्पर्कमा नरहन नसक्छ।
- रोजगारी खोज्ने व्यक्तिहरु मध्ये कसलाई कुन कामका लागि अगाडि राखिन्छन् भने कुरा रोजगारी खोज्नेहरुलाई थाहा नहुन सक्छ।
- कुनै पनि रोजगारीमा पदस्थापन वा नियुक्ति गर्नको लागि रोजगारदाताहरुबाट प्रोत्साहन स्वरुप नगद वा जिन्सी प्राप्त गर्न सक्ने भएकोले सही नियुक्तिको सट्टा व्यक्तिगत हितमा कार्य गर्न सक्छ।
- धेरै रोजगारदाताहरूसँग काम गर्ने भएकोले रोजगारी खोज्नेको सीप र अनुभवको क्षेत्रमा रिक्त पदहरु केही मात्र खुल्न सक्छ वा नहुन पनि सक्छ।

रोजगार विनिमय सेवा सुचारू गर्न रोजगारदाताहरुको सूचीकरण कार्य एकदम महत्वपूर्ण रहेको छ। यस अन्तर्गत सार्वजनिक र निजी दुवै क्षेत्रका रोजगारदाताहरूबाट सीप र दक्षता अनुसारको रोजगारीको सूचना एवं तथ्यांक संकलन गरि सोही अनुसार बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा पदस्थापन गर्न आवश्यक सीप, क्षमता विकास गर्नु पर्दछ। सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्न विभिन्न तालिम केन्द्रहरुसंग आवश्यक समन्वय गरि रोजगार विनिमयका लागि दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई प्राथमिकतामा राखी तालिम सञ्चालन गर्न सहजीकरण गरी दक्षता अभिवृद्धि गर्नु पर्दछ। रोजगार विनिमयले रोजगारीमा पदस्थापन गर्नका लागि रोजगार मेला

वा उद्योग मेलाको पनि आयोजना गर्ने गर्छ । रोजगार मेला (उद्योग मेला) ले निजी कम्पनीहरूलाई अन्तर्वार्ता लिन र रोजगारदाताको आवश्यकता अनुसारको सीपयुक्त जनशक्ति छनोट गर्न एउटा आधार (प्लेटफर्म) प्रदान गर्ने काम समेत गर्दछ ।

निश्कर्ष

रोजगार विनिमयले रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिहरूलाई आवश्यक सूचना एवं जानकारी प्रदान गर्ने काम मात्र गर्दैन । रोजगारी खोज्ने व्यक्तिहरुका लागि परामर्श र प्रशिक्षण केन्द्रको रूपमा पनि काम गर्दछ । रोजगारी खोज्नेहरुलाई रोजगारदाताको आवश्यकता र मागका आधारमा दक्ष बनाउने काम गर्छ । रोजगार विनिमय अन्तर्गत सक्रिय रूपमा कामको खोजीमा रहेका तर कामका लागि तयार हुने क्षमताको अभावमा रोजगारीमा बाधा पुग्ने बेरोजगार व्यक्तिहरूको योग्यतामा सुधार गर्न, सीप तथा क्षमता र वृति विकास सम्बन्धी सेवाहरू समेत प्रदान गरिन्छ । रोजगार विनिमयले रोजगारी खोज्ने र रोजगारदाताहरू बीच मध्यस्थकर्ताको रूपमा काम गर्दछ । यसले रोजगारदाताहरूको आवश्यकतालाई रोजगारी खोज्ने व्यक्तिहरूको सीप र रुचीसँग मिलाउने लक्ष्य राखेको हुन्छ ।